नेपाल सरकार
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
आर्थिक प्रशासन शाखा

फो.नं.
४२००२६०,४२००२८७
सिंहदरबार, काठमाण्डौं

पत्र संख्याः- २०७७/७८
चलानी नम्बरः- १३९

मितिः- २०७७/०७/२७

विषयः- आन्तरिक लेखापरीक्षण सम्बन्धमा ।

श्री जिल्ला समन्वय समितिको कार्यालय सबै (७७),
श्री स्थानीय तह सबै (७५३) ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले कानून बमोजिम आफ्नो आय र व्ययको आन्तरिक लेखापरीक्षण गराउनु पर्नेछ भन्ने व्यवस्था छ ।

गाँउ / नगरपालिकाको आर्थिक कार्यविधि नियमित तथा व्यवस्थित गर्न बनेको कानून, २०७४ (नमूना) को दफा १८ (१) मा गाँउ/ नगरपालिका र मातहत कार्यालयहरुको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको आधारमा तोकिएको मापदण्ड भित्र रही तोकिएको अधिकृतबाट हुनेछ भन्ने व्यवस्था गरिएको छ ।

मिति २०७४/०२/१७ को मन्त्रिपरिषदको निर्णयानुसार जारी भएको स्थानीय तहको सेवा सञ्चालन तथा व्यवस्थापन सम्बन्धी आदेश २०७४ को बुँदा ५९ मा स्थानीय तहको आन्तरिक लेखापरीक्षण प्रचलित कानून अनुसार आफ्नै आन्तरिक लेखापरीक्षकबाट गराउनु पर्ने छ । साथै सो आदेश कार्यान्वयन सम्बन्धी सचिवस्तरीय निर्णयानुसार जारी परिपत्रमा आफ्नै आन्तरिक लेखापरीक्षक नभएमा सम्बन्धित जिल्लाको कोष तथा लेखा नियन्त्रक कार्यालयबाट आन्तरिक लेखापरीक्षण गर्नु गराउन लेखी गएको छ ।

उपरोक्त कानूनी एवं नीतिगत प्रावधानको पालना नगरी सो को विपरीत कतिपय स्थानीय तहले बाहिरका रजिष्टर्ड लेखापरीक्षकहरुबाट आन्तरिक लेखापरीक्षण गराएको भन्ने गुनासो सुनिएकोले उपरोक्त नीतिगत एवं कानूनी प्रावधानको पालना गरेर मात्र आन्तरिक लेखापरीक्षण गराउनु हुन मिति २०७७/०७/२७ को सचिवस्तरीय निर्णयानुसार अनुरोध छ ।

.............................
बाबुराम ज्ञवाली
उप सचिव (लेखा)

बोधार्थः-
श्री सूचना प्रविधि शाखा,
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयः मन्त्रालयको website मा राखिदिनु हुन ।
सिंहदरबार, काठमाण्डौ ।